मिति: २०८२/१२/१०          ने.सं. ११४६ चौलाथ्व ६ मंगलबार          बैठक संख्या - ९

आज मिति २०८२/१२/१० गते मंगलबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को नवौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................................ उपस्थितिमा मात्र

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन........................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................

१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे ........................................

१८. कम्प्युटर अपरेटर श्री लक्ष्मी चुहान........................................

१९. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी ........................................

२०. कार्यालय सहयोगी श्री पवित्रा चोङ्वाङ........................................

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

हिलिहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर
कोशी प्रदेश, नेपाल

मिति: २०८२/१२/१० | ने.सं. ११४६ चौलाथ्व ६ मंगलबार | बैठक संख्या - ९

**प्रस्तावहरु :-**

१. हालसम्म प्राप्त विभिन्न परिपत्र, निर्देशन, आदेश तथा मागपत्रहरुको जानकारी सम्बन्धमा।

२. अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा।

३. प्रदेश समपुरक अनुदान प्रस्ताव माग सम्बन्धमा।

४. प्रदेश विशेष अनुदान प्रस्ताव माग सम्बन्धमा।

५. गाउँसभाको हिउँदे अधिवेशनको मिति तय सम्बन्धमा।

६. वडा तथा शाखाबाट शिर्षकान्तर गरिने योजना तथा कार्यक्रमको कार्यालयमा पेश गर्ने समयसीमा निर्धारण गर्ने सम्बन्धमा।

७. राजीनामा स्वीकृती सम्बन्धमा।

८. जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड सम्बन्धमा।

९. जगाको कित्तागत भूउपयोग बर्गिकरण अन्तिम प्रतिवेदन उपर छलफल सम्बन्धमा।

१०. रामनवमीको अवसरमा लाग्ने राम नवमी मेला व्यवस्थापनको लागि रकम विनियोजन सम्बन्धमा।

११. फलफुल नर्सरी प्रवर्द्धन कार्यक्रम वडा नं ५ को लाभग्राही छनौट सम्बन्धमा।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१२/१० ने.सं. ११४६ चौलाथ्व ६ मंगलबार बैठक संख्या - ९

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हाल सम्म प्राप्त भएका निर्देशन, परिपत्र तथा माग पत्रहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृतद्धारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाअध्यक्ष तथा कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमबाट सम्बन्धित सरोकारवालाहरु सम्म पुर्‍याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**तपसिल:**

| क्र.सं. | च.नं. | मिति | पत्राचार गर्ने निकाय/निर्णय गर्ने निकाय | विषय | निर्णयको व्यहोरा |
|---|---|---|---|---|---|
| १. | १०६ | २०८२-१०-२० | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा । | मुस्लिम समुदायसँग सम्बन्धित मस्दिज, मदरसा, कब्रिस्थान, इदगाह, मजार र कर्बला जस्ता संरचना नरहेकोले सोही बमोजिम लेखि पठाउने । |
| २. | १०५ | २०८२-१०-२० | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सामाजिक समावेशीकरण शाखा) | निर्णय कार्यान्वयन सम्बन्धमा । | अपाङ्गता परिचयपत्र र जेष्ठ नागरिक परिचयपत्र उपलब्ध गराउँदा एकरुपता कायम गर्ने । |
| ३. | २८८ | २०८२-११-१४ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | स्थानीय शासन कार्यसम्पादन मुल्याङकन कार्यविधि, २०८२ संशोधन सम्बन्धमा | स्थानीय शासन कार्यसम्पादन मुल्याङकन कार्यविधि, २०८२ मा भएका संशोधनका विषयमा जानकारी प्राप्त भएको । |
| ४. | २९४ | २०८२-११-१९ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणालीमा आ.व २०८१।०८२ को विवरण प्रविष्टी गर्ने सम्बन्धमा । | स्थानीय शासन कार्यसम्पादन मुल्याङ्कन प्रणालीमा आ.व २०८१।०८२ को विवरण तोकिएको समयसीमा भित्र प्रविष्टी गर्ने । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | २९८ | २०८२-११-२७ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | जानकारी सम्बन्धमा। | जानकारी प्राप्त गरियो। |
| ६. | ३०९ | २०८२-१२-०५ | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (स्थानीय तह समन्वय शाखा) | भुउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ मा भएको व्यवस्था अनुसरण गर्ने सम्बन्धमा। | भुउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ मा भएको व्यवस्था अनुसरण गर्ने। |

**निर्णय नं. - २**

हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका बैठकमा भएका निर्णयहरुको हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम प्रभावकारी कार्यान्वयन लागि आठौं बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट जानकारी लिई थप प्रभावकारी कार्यान्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत मार्फत विषयगत शाखाहरुलाई निर्देशन दिने।

**निर्णय नं. - ३**

कोशी समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०८१ को दफा ३ बमोजिम आगामी आ.व. २०८३/०८४ का लागि स्थानीय तहमा प्रदेश समपूरक अनुदान अन्तर्गत तपसिल बमोजिमको आयोजनाहरू सञ्चालन गर्ने प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | आयोजनाको नाम | मुलभूत क्षेत्र | कुल लागत | प्रतिवर्ष आवस्यक बजेट | आयोजना अवधि |
|---|---|---|---|---|---|
| १. | ६ नं वडा कार्यालय भवन निर्माण आयोजना | सुशासन क्षेत्र | ३,५०,००,०००।- | १,७५,००,०००।- | २ वर्ष |
| २. | पर्यटकीय क्षेत्र मृदुङ्गा झरना क्षेत्र विकास हिलिहाङ ३ र ४ | पर्यटकीय क्षेत्र | ७९३५१४९८.३४ | २६४५०४९९.३३ | ३ वर्ष |

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१२/१० हिलिहाङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पञ्चमी, पाँचथर कोशी प्रदेश, नेपाल ने.सं. ११४६ चौलाथ्व ६ मंगलबार बैठक संख्या - ९

**निर्णय नं. - ४**

प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ बमोजिम आगामी आ. व. २०८३/०८४ का लागि यस स्थानीय तहमा प्रदेश विशेष अनुदान अन्तर्गत तपसिलको आयोजनाहरु सञ्चालन गर्न प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिलः-**

| क्र.सं. | आयोजना/कार्य क्रमको नाम | मुलभूत क्षेत्र | कुल लागत | चालु आ.वमा विनियोजित बजेट | प्रतिवर्ष आवश्यक बजेट | आयोजना अवधि |
|---|---|---|---|---|---|---|
| १. | हिलिहाङ दरबारमा दरबार संग्राहलय निर्माणको लागि दरबार सम्बन्धित पुरातात्विक वस्तुहरुको खरिद तथा व्यवस्थापन | पर्यटकीय क्षेत्र | १,००,००,०००।- | ० | १,००,००,०००।- | १ वर्ष |

**निर्णय नं. - ५**

चालू आ.व. २०८२/०८३ को हिलिहाङ गाउँपालिकाको हिउँदे अधिवेशन कोशी प्रदेश गाउँ सभा र नगरसभा सञ्चालन कार्यविधि ऐन, २०७५ परिच्छेद २ को दफा ३ बमोजिम प्रतिनिधिसभा निर्वाचन आचारसंहिता समेतलाई ध्यानमा राखी मिति २०८२ चैत्र २२ गते आव्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं. - ६**

वडा तथा शाखाबाट शिर्षकान्तर गरिने विभिन्न योजना तथा कार्यक्रमहरु वडा समिति तथा विषयगत समितिको बैठकको निर्णय सहित मिति २०८२।१२।१५ गते भित्र कार्यालयमा पेश गर्न वडा तथा बिषयगत शाखालाई निर्देशन दिने ।

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१२/१० नेे.सं. ११४६ चौलाथ्व ६ मंगलबार बैठक संख्या - ९

**निर्णय नं. - ७**

यस हिलिहाङ गाउँपालिकामा कार्यरत इन्जिनीयर अधिकृतस्तर सातौं श्री हिमाल पुरीले प्रमुख प्रशासकीय अधिकृत समक्ष राजीनामा पेश गर्नु भएको राजीनामाको विषयमा थप निर्णय तथा थप प्रकृया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ८**

जिल्ला खेलकुद विकास समितिको अनुरोध बमोजिम जिल्ला स्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता हिलिहाङ गाउँपालिकाको वडा नं. ६ स्थीत जोरपोखरी माध्यमिक विध्यालयमा सञ्चालन गर्ने त्यसका लागि आवश्यक रकम आगामी गाउँसभाबाट विनियोजन गर्ने ।

**निर्णय नं. - ९**

भुउपयोग नियमावली, २०७९ नियम १२ बमोजिम हिलिहाङ गाउँपालिका भित्रको जग्गाको कित्तागत विवरण कित्ताकाटको लागि भूउपयोग वर्गीकरण सम्बन्धी आवश्यक कार्य/प्रक्रिया अगाढी बढाउने मिति २०८२।०५।२२ गतेको कार्यपालिका बैठकको निर्णय गरेकोमा उक्त निर्णय बमोजिम परामर्शदाताबाट जग्गा कित्ताकाट सम्बन्धी प्रारम्भिक प्रतिवेदन उपर मिति २०८२।०९।२२ गतेको कार्यपालिका बैठकमा बृहत छलफल पश्चात कार्यपालिकाबाट परिमार्जनको लागि दिइएको सुझाब समावेश गर्दै जग्गा कित्ताकाटको अन्तिम प्रतिवेदन प्राप्त भएकोले सो प्रतिवेदन समय सापेक्षित अध्यावधिक र संशोधन गर्दै लाने गरी हाललाई स्वीकृत गरि भुउपयोग नियमावली २०७९ को नियम ५ को उपनियम १ ले दिएको अधिकार प्रयोग गरि हिलिहाङ गाउँपालिकाको स्थानीय राजपत्रमा सम्पूर्ण सरोकारवालाहरुको सूचनाको लागि प्रकाशन गर्ने तथा भुक्तानीको आवश्यक प्रक्रिया अगाढी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने । साथै सो स्वीकृत हिलिहाङ गाउँपालिकाको भुउपयोग क्षेत्र बर्गिकरणको कित्तागत विवरण, २०८२ को प्रमाणित प्रतिलिपिको १/१ थान हिलिहाङ गाउँपालिकाको सम्पुर्ण वडा कार्यालय र मालपोत तथा नापी कार्यालयमा पठाउने र सोही अनुसार गर्ने गराउने भनि पत्रचार गर्ने ।

**निर्णय नं. - १०**

हिलिहाङ गाउँपालिका वडा नं १ द्धारा राम नवमीको दिन राम नवमी मेलाको अवसरमा आयोजना गरिने विभिन्न खेलकुद तथा विविध साँस्कृतिक कार्यक्रममा वडाबाट विनियोजित रकमबाट प्रस्तावित प्रस्तावना, कार्यक्रमको खाका, खेल विधा तथा साँस्कृतिक विधा अनुरुप रकम अपुग हुने भनि गाउँपालिका गाउँ कार्यपालिकामा निवेदन गरेकोमा गाउँसभाबाट बहुसाँस्कृति, कला साहित्य सम्मेलन शिर्षकमा विनियोजन गरिएको रु.३,००,०००।- नै कार्यक्रमको उदेश्य संग मिल्ने गरी सोही मेलामा वडाकार्यालय वा तोकेको कर्मचारीबाट कार्यक्रम सम्पन्न गर्ने गराउने ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८२/१२/१० नेसं. ११४६ चौलाथ्व ६ मंगलबार बैठक संख्या - ९

**निर्णय नं. - ११**

हिलिहाङ गाउँपालिकाको, कृषि विकास शाखाको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार सुचना नं.०६, मिति २०८२/०८/२४ गते कार्यक्रम संचालनका लागि प्रथम पटक प्रकाशित गरिएको १५ दिने सुचना आव्हानको प्रस्ताव पेश गर्ने अन्तिम म्याद मिति २०८२/०९/०९ गते निर्धारित समय भित्र **एक जना व्यक्ति/फर्मको मात्र** निवेदन पेश भएको र सो कार्यक्रमका लागि थप निवेदकको आवेदन संकलन गर्ने उद्देश्यले, सूचना नं.०७, मिति २०८२/०९/२१ गतें दोस्रो पटक प्रकाशित ७ दिने सूचनाको प्रस्ताव आव्हान पेश गर्ने अन्तिम म्याद मिति २०८२/०९/२७ गते सम्म, तोकिएको निर्धारित समय भित्र अन्य थप निवेदकको आवेदन पेश नभएकोले उक्त कार्यक्रम संचालनका लागि तपशिलका व्यक्ति/फर्मलाई छनौट गरि सम्झौता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**तपशिलः**

१.१) माहा पृथिमाया कृषि तथा पशुपन्छी फर्म (हिलिहाङ गा.पा.५)
प्रोपाईटरको नामः अइन्द्र सुहाङ

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत